**प्रशासन**, सार्वजनिक प्रशासन सम्बन्धी पत्रिका
वर्ष ३८, अंक २, पूर्णाङ्क १०५, फाल्गुण २०६३

# व्यवस्थापन परीक्षण र यसको उपयोगिता

- शिवराम न्यौपाने

## पृष्ठभूमि

व्यवस्थापन' भन्नाले व्यवस्थापकले गर्ने कार्यहरू जस्तै योजना, संगठन, कर्मचारी, निर्देशन, नियन्त्रण आदिलाई बुझाउँछ । अर्थात निश्चित उद्देश्य हासिल गर्नका लागि संगठन सञ्चालनका माध्यमहरू योजना, संगठन, कर्मचारी, नेतृत्व, नियन्त्रण आदिको प्रयोगद्धारा मानिससँग कार्य गर्ने गराउने कौशल व्यवस्थापन हो । "व्यवस्थापन परीक्षण" भन्नाले संगठनको उद्देश्य हासिलका लागि व्यवस्थापकले गरेको कार्य ठिक छ वा छैन भनेर जाँच गर्नु भन्ने बुझिन्छ । अर्थात सरकारी संयन्त्र मार्फत सम्पादन भएका काम कारवाहीहरू तोकिएको ढाँचा, प्रणाली, संविधान र प्रचलित कानून बमोजिम भएको छ वा छैन भनी जाँचबुझ गरिने कार्य व्यवस्थापन परीक्षण हो । संगठनको उद्देश्य निर्धारित समय र लक्ष्य अनुरुप हासिल गर्नकालागि सगंठनको श्रोत साधन, नेतृत्व , समन्वय, योजना , कानून आदि तत्वहरूको संयुक्त उपयोग जरुरी भएको हुन्छ । यस्ता आधार तत्वहरूको उद्देश्य हासिलमा कस्तो भूमिका रहेको छ जुन तोकिएको ढाँचा र संरचना अनुरुप छ छैन भनि नियमित जाँच गर्नु संगठन विकासकालागि जरुरी भएको हुन्छ । त्यसैले संगठनको व्यवस्थापन परीक्षण वर्तमान शासन वा प्रशासनको अभिन्न कार्यका रुपमा रहने गरेको छ ।

व्यवस्थापन परीक्षणको इतिहास खासै पुरानो पाइदैन । अमेरिकामा सन् १९६० मा रक्षा मन्त्रालयमा व्यवस्थापन परीक्षण गर्ने अभ्यास सुरु गरिएको थियो । जापानी निजामती प्रशासनमा चार दशक भन्दा अघि देखि व्यवस्थापन परीक्षण गर्न थालिएको थियो । भारतमा रिर्जभ बैक अफ ईन्डियामा व्यवस्थापन परीक्षण थालिएको हो । नेपालमा व्यवस्थापन परीक्षणको कार्य वि.स. २०५३ साल देखि थालनी गरिएको हो । यस कार्यलाई २०४९ साल देखि निजामती सेवा ऐन कार्यान्वयनमा आएपछि बैधानिकता प्रदान गरिएको हो । यसै व्यवस्था अनुरुप सामान्य प्रशासन मन्त्रालयले आ.व. २०५५।५६ देखि नै विभिन्न सरकारी निकायहरूमा पालैपालो व्यवस्थापन परीक्षण गर्ने गरेको छ । यसबाट संगठनमा सम्पादन भएको कार्यको नियमितता, मितव्ययिता, औचित्यता, उपयुक्तता प्रभावकारिता सम्बन्धी जाँच भई भविष्यमा गरिने कार्यलाई मार्ग प्रशस्त हुने गरेको आभास भएको छ । साथै वर्तमान शासन प्रणालीमा सुशासन कायम गर्नका लागि व्यवस्थापन परीक्षण लाई मुख्य जाँचका रुपमा लिने गरिएको छ ।

## व्यवस्थापन परीक्षणका उद्देश्यहरू

- सगंठनबाट भएका कामकारवाहीहरू प्रचलित कानून बमोजिम भए नभएको परीक्षण गर्ने।
- सगंठनबाट प्रदान गरिएको सेवाबाट सेवा ग्राहीहरू सन्तुष्ट छन् छैनन् जाँच गर्ने ।
- लक्ष्य र उद्देश्य बीचको समन्वय कायम भएको छ छैन हेर्ने ।
- श्रोत साधनको परिचालनको अवस्था जाँच गर्ने ।
- कार्य प्रक्रिया, कार्य सम्पादन , कार्य विश्लेषण र गुणस्तर परीक्षण गर्ने ।
- कार्यक्रम तुर्जमा र रणनीतिहरूको व्यवस्था ठिक छ छैन हेर्ने ।
- संगठनका सवल र दुर्वल पक्षहरूको पहिचान गर्ने एवं दुर्वल पक्षहरू हटाउन आवश्यक उपायहरू सिफारिश गर्ने ।

- उपलब्ध साधन श्रोतको उच्चतम प्रयोग गरी संगठनमा गतिशिलता र प्रभावकारिता बृद्धि गर्ने ।
- व्यवस्थापनमा हुनसक्ने अव्यवस्था, दोष, त्रुटीहरूको रोकथाम गरी व्यवस्थापनमा जवाफदेहीता निर्माण गर्ने ।
- संगठनको व्यवस्थापनको सम्पूर्ण तहको कार्य क्षमताको जाँच गर्ने ।
- विधिको शासन सञ्चालनमा सहयोग गरी सुशासनको अभिबृद्धि गराउने ।

## व्यवस्थापन परीक्षणको क्षेत्र

- मितव्ययिता, नियमितता, औचित्यता, कार्य दक्षता र प्रभावकारीताको जाँच गर्ने ।
- कार्य प्रक्रिया, कार्य सम्पादन, कार्य विश्लेषण र गुणस्तर परीक्षण गर्ने ।
- साधन श्रोतको सुरक्षा, उपयोग तथा जवाफदेहिता कायम भए नभएको परीक्षण गर्ने।
- निष्पक्षतापूर्वक जनशक्ति परिचालन गरियो गरिएन परीक्षण गर्ने ।
- खर्चका मापदण्डहरू अनुसरण भयो भएन परीक्षण गर्ने ।
- समन्वयात्मक रुपमा कार्य संचालन भयो भएन परीक्षण गर्ने ।
- श्रोतको उपलब्धता र त्यसको उपलब्धिको लेखाजोखा गर्ने ।
- अनुगमन तथा मूल्यांकनको परीक्षण गर्ने ।
- अभिलेखलाई व्यवस्थित गरिएको छ छैन परीक्षण गर्ने ।

समष्टिगत रुपमा हेर्दा व्यवस्थापन परीक्षणको क्षेत्र संगठनको वित्तीय, प्रशासनिक , प्रक्रियात्मक अवस्था, संगठनात्मक व्यवस्था, सञ्चार, समन्वय, भौतिक व्यवस्थापन, गुणस्तर, अभिलेख, प्राविधिक, सामाजिक प्रतिक्रिया, सेवाग्राहीको स्वीकृति अस्वीकृति आदि बिषयहरूमा सिमित भएको हुन्छ ।

## व्यवस्थापन परीक्षण गर्दा ध्यान दिनुपर्ने कुराहरू

व्यवस्थापन परीक्षणले व्यवस्थाको आर्थिक, सामाजिक, प्रशासनिक आदि सबै क्षेत्रको जाँच गर्ने भएकोले यसको परीक्षण गर्दा विद्यमान अवस्थाको विश्लेषण गरी भावि दिशा प्रदान गर्ने कार्यलाई समेत ध्यान दिनुपर्ने हुन्छ । निर्धारित उद्देश्य देखि परिचालित श्रोत साधनको अवस्थामा तथा उद्देश्य हासिलका लागि तय भएका नीति, कार्यक्रमको तादाम्यता समेतको जाँच होसियारी र अनुशासीत ढंगले गर्नुपर्ने हुन्छ । व्यवस्थापन परीक्षण गर्दा मुख्य रुपमा निम्न पक्षहरूमा ध्यान पुऱ्याउनु पर्ने हुन्छ ।

- व्यवस्थापकले गरेका योजना, संगठन, कर्मचारी परिचालन, नेतृत्व, नियन्त्रण उद्देश्य तथा लक्ष्य मुताविक भए नभएको ,
- संगठनको उद्देश्य, नीति, रणनीति, प्रचलित ऐन नियम र कानूनको पर्याप्तता र परिचालन भए नभएको ।
- भौतिक र प्राविधिक साधन (जमीन, भवन र मेशीन औजार) को उपयोगको अवस्था
- वित्तीय साधनको अवस्था
- कार्य सम्पादनको स्थिति (लागत र समयको आधारमा)
- जनशक्तिको अवस्था
    - विशेष दक्षता तथा प्रयोगको स्थिति
    - भर्ना, काज, कायममुकायम, सरुवा र बढुवा
- सेवा प्रदान , वितरण र उपयोगिताको स्थिति
- खरिद प्रक्रिया तथा उपयोगिता तथा गुणात्मक स्थिति

- परिमाणात्मक प्रगति स्थिति
- आन्तरिक तथा वाहृय वातावरणको स्थिति
- संगठनको सवल पक्ष, कमजोर पक्ष , अवसरहरू र चूनौति

## व्यवस्थापन परीक्षणका विधिहरू

व्यवस्थापन परीक्षणबाट सगंठनको लक्ष्य तथा उद्देश्य अनुरुप सगंठनको कार्य  सञ्चालनको अवस्था आकंलन हुने भएकोले यसलाई विभिन्न विधि अपनाई अवस्था विश्लेषण गर्न सकिने हुन्छ । यो संगठनको उद्देश्य कार्य प्रक्रिया तथा विद्यमान कानूनी वा शासन संरचनाका आधारमा पनि तय भएको हुन सक्छ । व्यवस्थापन परीक्षणको आधिकारिक संस्थाले आफ्नो तवरले पनि ढाँचा वा विधि निर्धारण गरेको हुन सक्छ । सामान्यतया निम्न विधिहरू अपनाई व्यवस्थापन परीक्षण गर्ने गरिएको हुन्छ ।

- अर्न्तवार्ता विधि :
    - अन्तवार्ता लिई भएको अवस्था विश्लेषण गर्ने ।
    - सम्बद्ध व्यक्तिहरूसंग अर्न्तवार्ता लिने ।
    - अन्तवार्ता लिने व्यक्तिहरूको सूची पहिले तयार गर्ने ,
    - अन्तवार्तामा सोधिने प्रश्नहरूको तयारी गर्ने
- अवलोकन विधि :

  अवलोकन विधि २ किसिमको हुन सक्छ :
    - प्रत्यक्ष अवलोकन : अवलोकनकर्ताले कार्यालय समयमा कार्यालयका गतिविधिहरूको अवलोकन गर्ने गर्दछ ।
    - सहभागिता अवलोकन : आवश्यकता अनुसार सम्वन्धित व्यक्तिहरू र सेवाग्राहीहरूसंग समेत छलफल गर्दै आवश्यक सूचना संकलन गर्नेगरिन्छ ।
    - कार्य सम्पादनको तौर, तरिका, कार्य सम्पादनको अवस्था परिक्षक स्वयं उपस्थिति भई अवलोकन गर्दछ ।
    - कार्यालयको वातावरण एवं काम गर्ने व्यक्तिहरूको अवलोकन गरिन्छ ।
- छलफल विधि : आवश्यकता अनुसार सम्बन्धित कर्मचारीहरू र सेवाग्राहीसंग छलफल हुन्छ । छलफल एक आपसमा वा समूहमा हुन सक्दछ ।
- कागजात वा प्रमाणहरू अध्ययन विधि : सम्वन्धित र निर्धारित समयावधिका कागजातहरू अध्ययन गरी अवस्था आकंलन गर्ने गरिन्छ ।
- प्रश्नावली विधि : निश्चित विषय बस्तुसँग सम्वन्धित प्रश्नावलीहरू तयार गरी सोको माध्यमबाट आवश्यक सूचना र तथ्याकं सकंलन गरी अवस्था विश्लेषण गर्ने गरिन्छ।

## व्यवस्थापन परीक्षणबाट हुने फाईदा वा अपेक्षित नतिजा

व्यवस्थापन परीक्षण एक किसिमको अवस्था विश्लेषण गर्ने जाँच भएकोले यसबाट संगठनको गति कस्तो अवस्थामा छ,  संगठन ठिक दिशामा उन्मुख छ छैन भनि पहिचान गर्ने माध्यम भएकोले  यसबाट सगंठनको समष्टिगत सफलताको अपेक्षा गर्न सकिन्छ । ठिक ढंगले गरिने व्यवस्थापन परीक्षणबाट निम्नानुसारको फाईदा वा नतिजा अपेक्षा गर्न सकिन्छ ।

- संगठनको लक्ष्य वा उद्देश्य स्पष्ट हुने ।
- संगठनमा भएका कार्यहरूको कमी कमजोरी औल्याउने ।
- व्यवस्थापन र काम गर्ने तौर तरिकामा सुधार हुने ।

- सगंठनको उद्देश्य अनुसार जिम्मेवारीहरू प्रष्ट हुने ।
- भौतिक सम्पत्तीको उपयुक्त उपयोग तथा रेखदेख हुने ।
- कार्य सम्पादनस्तरको प्रभावकारी अभिबृद्धि गरी आवश्यक कुराहरू छनौट हुने ।
- व्यक्तिगत रुपमा गर्नुपर्ने कार्यहरूमा दक्षता अभिबृद्धि हुने र जिम्मेवारीमा सुधार आउने ।
- संगठनको भावी दिशा निर्धारण गर्न सघाउ पुग्ने ।
- कर्मचारीको कार्य उत्प्रेरण तथा कार्य दक्षता बृद्धि गर्न सघाउ पुग्छ ।
- संगठनलाई प्रतिस्पर्धी, समायानुकूल तथा आधुनिक स्वरुपमा ढाल्न मद्धत गर्दछ ।
- सगंठन भित्र नियमित रुपमा सुधारका आयामहरू थपिदै जान्छन् ।

## नेपालमा व्यवस्थापन परीक्षणको अवस्था

नेपालमा व्यवस्थापन परीक्षणको प्रारम्भ विगत एक दशकयता हुदै आएको हो । मूलतः मुलुकमा २०४६ सालमा भएको राजनीतिक परिवर्तन पश्चात बनेका नेपाल अधिराज्यको संविधान लगायत अन्य कानूनी व्यवस्थाहरूको कार्यान्वयनबाट यस कार्यमा पर्याप्त सुधार आएको हो । शासन संचालन गर्ने सरकारको लोक प्रियता तथा जवाफदेहितालाई अझ सुदृढ गर्दै लान सरकारी निकायहरूबाट सम्पादन हुने कार्यलाई बढी होसियारी पूर्वक बढी भन्दा बढी उत्पादनशील र लाभप्रद गराउदै लान आवश्यक भएकोले व्यवस्थापन परीक्षणलाई सुधारको आधारका रुपमा लिन थालिएको हो । नेपालमा हाल व्यवस्थापन परीक्षणको कार्यलाई सगंठन सुधारको मुख्य आधारका रुपमा लिन थालिएको छ । सरकारी क्षेत्रमा मात्र नभई गैर सरकारी तथा निजी क्षेत्रमा समेत यसको उपयोगिता बढ्दै गएको छ ।

लोक सेवा आयोग (कार्यविधि) ऐन, २०४८ अनुसार लोक सेवा आयोगलाई सरकारका विभिन्न मन्त्रालय, सचिवालय, विभाग, कार्यालय र बैधानिक अगंहरूमा कर्मचारी प्रशासनका नियुक्ती, बढुवा र विभागीय कारवाही संग सम्वन्धित , क्रियाकलापको निरीक्षण गर्ने व्यवस्था भएको छ । यस व्यवस्था अनुसार लोक सेवा आयोगले कर्मचारी प्रशासन संग सम्वन्धित कुराहरूको मात्र व्यवस्थापन परीक्षण गर्ने गरेको छ । महालेखा परिक्षकले नेपाल अधिराज्यको संविधान , २०४७ को धारा १०० बमोजिम सरकारी निकायहरूमा भएको लेखाको कानूनद्धारा निर्धारित तरिका बमोजिम नियमितता, मितव्ययिता , कार्यदक्षता, प्रभावकारिता र औचित्यता समेतको विचार गरी परीक्षण गर्ने व्यवस्था भएको छ । यस व्यवस्था अनुसार महालेखा परिक्षकबाट लेखा सम्वन्धी सम्पूर्ण परीक्षण नियमित रुपमा हुदै आएको छ ।

मुलुकको शासन प्रणालीलाई अझ सुदृढ र प्रभावकारी गराई जनताहरूलाई सुशासनको अनुभुति गराउनु वर्तमान चुनौति हो । सुशासन कायम गरी जनतालाई दिने सेवा सुविधा सरल, सहज, सुपथ तथा छिटो छरितो गराउन प्रशासनिक क्रियाकलापमा नियमित सुधार गर्दै लानु जरुरी पनि हो । यसै सन्दर्भमा सरकारी निकायहरूमा कार्यरत कर्मचारीहरूबाट सम्पादन भएका कार्यहरू नियम, कानून तथा तोकिएको ढाँचा र प्रणालीसंग सम्बद्ध छन् छैनन भनि नियमित जाँच गर्नु आवश्यक भएकाले यसको परीक्षण गर्ने कार्य कानूनमा नै व्यवस्था गर्न अस्वभाविक होइन । यस परिप्रेक्ष्यमा निजामती सेवा ऐन, २०४९ (संशोधन सहित) को दफा ७२ (क) मा लोक सेवा आयोगको कार्यक्षेत्र भित्रका बिषय वाहेक सामान्य प्रशासन मन्त्रालयले सरकारका विभिन्न निकायहरूमा कार्यरत निजामती कर्मचारीले प्रचलित कानून तथा अन्य प्रशासकीय नियम र कार्यविधिहरू पालना गरे नगरेको सम्वन्धमा सुपरिवेक्षण, अनुगमन र मूल्याकंन गरी निर्देशन दिन र त्यसरी सुपरिवेक्षण गर्दा कुनै निजामती कर्मचारी उपर विभागीय कारवाही गर्नुपर्ने देखिएमा सो समेत सिफारिश गर्न सक्ने व्यवस्था गरेको छ । यसै व्यवस्था अनुरुप सामान्य प्रशासन मन्त्रालयले २०५३ साल देखि सरकारी विभिन्न निकायहरूमा व्यवस्थापन परीक्षण गर्ने कार्य गर्दै आएको छ। हालसम्म सामान्य प्रशासन मन्त्रालयले अधिराज्यका करिव आधाभन्दा बढी जिल्लामा रहेका कार्यालयहरूको व्यवस्थापन परीक्षण सम्पन्न गरेको छ । साथै यस व्यवस्थापन परीक्षण गर्ने कार्यमा एक रुपता ल्याउन सकियोस र यसमा क्रमशः बैज्ञानिक पद्धती अवलम्बन गर्न सघाउ पुगोस भनि व्यवस्थापन परीक्षण निर्देशिका २०६२ पनि कार्यान्वयनमा ल्याइएको छ ।

## नेपालमा व्यवस्थापन परीक्षणमा देखिएका समस्याहरू

व्यवस्थापन परीक्षणको अभ्यास लामो नभई करिव एक दशक मात्र रहेको छ । यसको प्रयोग व्यापक हुन सकेको छैन । यसको विधि तथा उपयोग महत्वको जानकारी सर्वव्यापक हुन सकेको छैन । सामान्य प्रशासन मन्त्रालयले वार्षिक रुपमा सिमित संगठनको मात्र परीक्षण गरी प्रतिवेदन तयार गर्ने गरेको छ । त्यसको प्रभावकारीताका लागि वैज्ञानिक विधि तथा आधुनिक र सहज फारमहरू प्रयोग हुन सकेको छैन । सामान्यतः नेपालमा व्यवस्थापन परीक्षणका प्रमुख समस्याहरू निम्नानुसार रहेका छन् :

- पर्याप्त सूचना तथा प्रचार प्रसारको अभाव
- कार्यान्वयन क्षेत्र संकुचित तथा जटिल प्रकृतिको भएको
- कर्मचारीहरूमा परीक्षण गर्ने दक्षता तथा उत्प्रेरणको कमी भएको
- कानूनी अपर्याप्तता तथा अस्पष्टता रहेको
- कमजोर संगठनात्मक व्यवस्था
- व्यवस्थापन परीक्षणका सम्बन्धमा व्यवस्थापक नै पर्याप्त सूचनामूलक हुन नसकेको
- वाध्यात्मकताको किटानी नहुनु
- व्यवस्थापन मापदण्ड र सूचकांक नतोकिनु
- व्यवस्थापन परीक्षणको वैज्ञानिक तथा सरल फारमहरू तयार नहुनु
- संगठनले यसलाई जरुरी विषयका रुपमा नलिनु
- व्यवस्थापन परीक्षणको विकास तथा विस्तारका लागि पर्याप्त वजेटको व्यवस्था नहुनु
- अनुगमन मूल्यांकनको अर्को स्वरुपको रुपमा आएकोले थप झनझट भएको भान पर्नु
- नियमितता प्रदान गर्न नसकिनु
- व्यवस्थापन परीक्षणका क्रममा संगठनवाट पर्याप्त सहयोग प्राप्त नुहुन
- योजना तथा कार्यक्रम बनाउदाकै अवस्थामा व्यवस्थापन परीक्षणलाई प्राथमिकता नदिइनु

## समस्या समाधानका उपायहरू

व्यवस्थापन परीक्षणको थालनी भएको धेरै समय भै नसकेको अवस्थामा विभिन्न समस्याहरू देखिनु अस्वाभाविक होइन । यसको आवश्यकता तथा महत्व संगठनमा वढ्दै जानु सकारात्मक पक्ष मानिएको छ । संगठनले व्यवस्थापन परीक्षण लाई नियमित रुपमा महत्व दिदै जादा निश्चयनै यसको सुदृढीकरण तथा प्रभावकारिता वढ्दै जाने हुन्छ । वर्तमानमा देखिएका व्यवस्थापन परीक्षणका समस्याहरूको समाधानका लागि निम्न उपायहरू अवलम्वन गर्न सकिने हुन्छ ।

- संगठनको नीति, योजना, कार्यक्रम तर्जुमा गर्दा नै व्यवस्थापन परीक्षणलाई ध्यान दिने
- व्यवस्था परीक्षणको वारेमा सहज र स्पष्ट रुपमा व्यापक प्रचार प्रसार गर्ने
- व्यवस्थापन परीक्षणको नियमितता तथा परीक्षण प्रतिवेदनको कार्यान्वयन अनिवार्य गर्ने व्यवस्था गर्ने
- व्यवस्थापन परीक्षण सम्बन्धी वार्षिक कार्ययोजना तयार गर्ने र सो अनुरुप कार्यान्वयन गर्ने
- व्यवस्थापन परीक्षण गर्न सामान्य प्रशासन मन्त्रालयले अन्य मन्त्रालय वा केन्द्रीय निकायहरूलाई परिचालन गर्ने
- व्यवस्थापन परीक्षणको स्पष्ट मापदण्ड र सूचकांकको निर्धारण गर्ने
- व्यवस्थापन परीक्षण अन्य केन्द्रीय निकायहरूवाट अर्न्तगत निकायहरूमा समेत नियमित रुपमा गराउने कानूनी व्यवस्था गर्ने

- व्यवस्थापन परीक्षणका आधारमा वार्षिक रुपमा उत्कृष्ट व्यवस्थापकलाई पुरस्कृत गर्ने व्यवस्था गर्ने
- व्यवस्थापन परीक्षण गर्ने कर्मचारीलाई यसका वारेमा पर्याप्त ज्ञान तथा उत्प्रेरणा प्रदान गर्ने
- व्यवस्थापन परीक्षणको कार्यलाई आवश्यक सहयोग गर्नुपर्ने वाध्यात्मक अवस्था सृजना गर्ने
- व्यवस्थापन परीक्षणको केन्द्रीय इकाई वा संगठनको सुदृढीकरण गर्ने
- पर्याप्त श्रोत, साधनको व्यवस्था गर्ने
- व्यवस्थापन परीक्षणका लागि निश्चित मापदण्ड, सूचकांक तथा वैज्ञानिक फारमको विकास गर्ने
- व्यवस्थापन परीक्षणवाट देखिएका अनियमितताको कारवाही शीघ्र गर्ने व्यवस्था गर्ने तथा  त्यसको प्रचार प्रसार गर्ने व्यवस्था गर्ने
- हरेक केन्द्रीय निकायहरूले सामान्य प्रशासन मन्त्रालयसंग समन्वय गरी आफू अर्न्तगत निकायहरूको नियमित व्यवस्थापन परीक्षण गर्ने गराउने कार्यमा तत्परता देखाउने
- व्यवस्थापन परीक्षणको प्रतिवेदन समेतका आधारमा उत्तम व्यवस्थापन परीक्षण गर्ने निकायलाई पुरस्कृत गर्ने व्यवस्था गर्ने
- व्यवस्थापन परीक्षणवाट औल्याइएका तथ्यहरूका आधारमा कर्मचारीको वृति विकासका अवसरहरू वृद्धि गर्ने

## उपसंहार

सरकार जनमुखी, जनप्रिय, जनसेवी, जनकर्मी, जवाफी हुनुपर्ने कुरामा दुईमत छैन । सरकारको क्रियाकलाप जनताले अपेक्षा गरे बमोजिम हुनुपर्ने वर्तमान खाँचो पनि हो । सरकारको सफलता सरकारी कार्यमा जन स्वीकार्यता तथा जनसहभागिता वाट नै सम्भव छ । सरकारले आफूलाई सफल गराउन आफ्ना नीति, योजना, कार्यक्रमको कार्यान्वयनका लागि विश्वासिलो संयन्त्र प्रशासन लाई मुख्य आधार बनाएको हुन्छ । यस परिप्रेक्ष्यमा प्रशासन यन्त्रको सुधार तथा नियमित जाँचवाट नै यसको प्रभावकारिता सुनिश्चित गर्न सकिने हुन्छ । साथै प्रशासनिक व्यवस्थामा भएका कमी कमजोरीहरू औल्याई उत्तम अभ्यासहरू पहिचान गर्ने कार्यलाई नियमितता प्रदान गरिनु पर्दछ । यसवाट संगठनमा ताजगी कायमै भई सफलता निश्चित गर्न सकिने हुन्छ । यस सन्दर्भमा व्यवस्थापन परीक्षणको कार्यलाई सर्व व्यापक र नियमित गराउनु बढी बुद्धिमानी कार्य हुन्छ । व्यवस्थापन परीक्षण संगठनको उद्देश्य हासिल गर्नका लागि संगठनलाई सधै ठोस दिशा दिन मद्दत गर्ने मुख्य आधार भएकोले यसको सर्व व्यापक जरुरी भएको छ । यसकालागि कानूनी तथा संगठनात्मक सुदृढीकरण पहिलो खाँचोको विषय भएको छ भने सामान्य प्रशासन मन्त्रालयले केन्द्रीय समन्वयकर्ता वा सहजकर्ताको रुपमा प्रभावकारी भूमिका निर्वाह गरी अन्य केन्द्रीय निकायहरूलाई समेत यस कार्यमा परिचालन गर्ने कार्य अर्को जरुरीको विषय भएको छ । यसवाट व्यवस्थापन परीक्षणको उचित उपयोग भई राज्यको सुशासनको उद्देश्य हासिल हुन सक्ने तर्फ आशामुखी हुन सकिन्छ ।